*[संवत् २०५७ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री धर्मराज थापालाई र सोही सालको 'मदन पुरस्कार' 'नेपालको सिमाना' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री बुद्धिनारायण श्रेष्ठलाई समर्पण गर्न संवत् २०५८ साल कार्तिक २ गते रोज ५ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन । यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १६८ बाट उद्धृत गरिएको हो ।]*

अध्यक्ष महोदय, तथा उपस्थित अभ्यागतगण !

अब आयो यथावत् मेरो धन्यवाद टक्र्याउने पालो। तर गुठीको सचिव भएको नाताले केही र केही परम्परागत आदतले भनौं, मैले यहाँहरूसमक्ष कममा पनि चारोटा कुरा पस्कनुपर्छ, (१) गुठीको, खास गरेर बितेका वर्षको, कार्यक्रम (२) गुठीले पुरस्कार समर्पण गर्दा अपनाएको छोटकरी विवरण (३) पुरस्कारबारे केही टिप्पणी वा आलोचना भए त्यसउपर गुठीका तर्फका प्रतिक्रियाहरू र (४) मुख्य कार्यक्रम-धन्यवाद टक्र्याउनु ।

पहिलोमा, गुठीले के-के काम गऱ्यो वा गर्ने गरेको रहेछ भन्ने कुरा यहाँहरूलाई टक्र्याएको कार्यक्रममा यथासम्भव विस्तृत रूपले बयान गरिएको छ; (क) डाक्टरी पढ्न जाने सिटका लागि दुई जना विद्यार्थी छान्ने– यो काम वर्षानुवर्ष कठिन हुँदै जाँदो छ- यसपालि दरखास्त दिनेको सङ्ख्या २३० पनि नाघेको थियो जब कि प्रथम श्रेणी नआएकोले दरखास्त फाराम भर्न पनि पाउँदैनन् । जाँच दिने बखत २० नं. को निबन्ध नेपालीमा लेख्नुपर्ने हुन्छ । र त्यसमा न्युनतम ७ लब्धाङ्क पाउनु अनिवार्य भएको कुरा बखान गर्नु उपयुक्त ठान्दछु । (ख) मदन पुरस्कार पुस्तकालयलाई सानु, साङ्केतिक रूपको अनुदान दिने र (ग) अध्यक्षज्यूको सम्पादनमा छापिने त्रैमासिक 'नेपाली' पत्रिका प्रकाशनमा ल्याउने इत्यादि कुरा उल्लेखनीय छन् ।

दोस्रो, 'जगदम्बा-श्री' र 'मदन पुरस्कार'को समर्पणका लागि व्यवस्था मिलाउनु त गुठीको मुख्य कार्यक्रम नै भैहाल्यो। (क) पुरस्कार 'जगदम्बा-श्री' कुनै खास कृतिको आधारमा नभएर कुनै खास व्यक्ति वा संस्थाले नेपाली वाङ्मयको निमित्त गरेको योगदानका निमित्त दिइने पुरस्कार हो। यसका छनौटका लागि बनेको स्थायी नियमावलीअनुसार हरेक वर्ष उम्मेदवारका लागि विज्ञापनद्वारा आह्वान गरिन्छ र छनौटका लागि सकभर नयाँ-नयाँ सदस्यहरू रहेको एउटा छनौट समिति गठन हुन्छ र त्यसैको सिफारिसमा गुठीको साधारण सभाले निर्णय गर्छ। कसै गरी छनौट समितिले सर्वसम्मतिले सिफारिस गरेको रहेछ भने गुठीको साधारण सभाले पनि अन्यथा गर्न सक्तैन। (ख) 'मदन पुरस्कार'का हकमा, व्यक्ति नभएर कृतिका भरमा दिइने पुरस्कार हुनाले हरेक वर्ष प्रकाशन भई पेस हुन आएका पुस्तकहरूको छानविन गरी पुरस्कार दिइन्छ। प्रकाशित ग्रन्थ लेखक स्वयम्ले वा प्रकाशकले पेस गरेपछि मात्र गुठीको कार्यालयमा दर्ता हुन्छ। त्यसपछि गुठीको (क) साहित्यक तथा (ख) साहित्येतर (दर्शन, विज्ञान, समाजशास्त्र आदि) विषयका लागि गठन भएका दुईटा भिन्नाभिन्नै उपसमितिले पटक-पटक भेट गरी छानी योग्य वा उत्कृष्ट दर्जाका भनी छुट्ट्याइएका ग्रन्थका निमित्त यथायोग्य परीक्षक नियुक्त गरी तिनका प्रतिवेदनका आधारमा सम्बन्धित उपसमितिले सिफारिस गरेपछि गुठीको साधारण सभाले निर्णय गर्दछ। त्यहीअनुसार भएको घोषणाको आधारमा, आज हामीले यहाँहरू समक्ष दुईटा बेहुला सहर्ष प्रस्तुत गरेका छौं। (ग) केही वर्षयता, एउटा 'मदन स्मारक'जस्तो केही ग्रन्थ प्रकाश गर्न सकिन्छ कि भन्ने हेतुले एक जना लब्धप्रतिष्ठ व्यक्तिलाई 'दीक्षान्त' या 'गुणानुवाद प्रवचन' का निमित्त अघिसार्ने प्रयत्न पनि गर्दै आएका छौं।

तेस्रो, यसपटक घोषणा भएका पुरस्कारप्रतिको टीकाटिप्पणीका हकमा, हामीलाई थाहा भएसम्म जो घोषणा भयो त्यसमा सबैको सहमति भएको वा जनसाधारणको समर्थन भएको पाइयो (क) जनकविकेशरी श्री धर्मराज थापा जस्ताले त 'जगदम्बा-श्री' उहिल्यै पाउनुपर्ने थियो भन्ने किसिमका कुरा पनि नसुनिएको हैन। कुरा मुनासिव पनि हो। तर, हामी कुनै न कुनै, आफैंले बनाएको भनौं, नियममा बाँधिएका हुन्छौं र नामै प्रस्तावित भएन वा भएका नाममा 'छनौट समिति'को सिफारिस भएन भने हाम्रो केही लाग्दैन। यसपालि नाम पनि आयो, सिफारिस पनि भयो, अनि हामी पनि सन्तुष्ट एवं गौरवान्वित भयौं। (ख) 'मदन पुरस्कार'का हकमा पनि यथावत् भनौं, न्यायपूर्ण वितरण भयो भन्ने नै सर्वसाधारणको प्रतिक्रियाहरू हामीले पाएका छौं। यहाँहरूले पत्रपत्रिकामा प्रकाशित केही टिप्पणी त पढ्नुभएकै होला। महानिर्देशक बुद्धिनारायणज्यूलाई 'मदन पुरस्कार' भनेको साहित्य, सङ्गीत, कला आदि विषयमा मात्र दिइने इज्जत हो भन्ने धारणा मनमा परेकाले मन लागी-नलागी जस्तो गरी ग्रन्थ प्रस्तुत गर्नुभएको रहेछ। भए पनि फल प्राप्ति राम्रो हुन पुगेछ! हाम्रा परीक्षकले र गुठीले पनि उहाँकै कृतिलाई सर्वोत्कृष्ट ठहऱ्याए। गुठीका हकमा

साहित्येतर विषयमा पुरस्कार समर्पण गर्न नपाएको वर्ष धेरै भएकाले र प्रस्तुत हुन आएको विषय पनि समसामयिक र दीर्घकालीन राष्ट्रिय हितका लागि उपयोगी हुने हुनाले, गुठीको निर्णयमा हाम्रो खुसीयाली बल्झिन पुगेको छ।

यति गन्थन गरेपछि अव म धन्यवादको पातो पल्टाउनपट्टि लागौं कि क्या-

जनकविकेशरी धर्मराज थापाज्यूलाई हामीले अहिले आएर चिनेका हैनौं। भुवनबहादुर भई हुर्कन लागेका बाटुलेचौर पोखरामा जन्मेका थापाजीलाई छोरो बढोस्, कमाइ गरोस्, कमसेकम डिठ्ठा खरदार वा सुब्बाड्डी नै पड्काओस् र बुढेसकालमा दूधभात खान देओस् भन्ने मीठा-मधुरा मायाभरि इच्छाले लालन-पालन गर्न लाग्नुभएका पिताजीले अकस्मात्, जनसाधारणको दबाबले भनौं, 'धर्मराज' भनेर बोलाउन थाल्नुभएछ। त्यहीं दोस्रो न्वारन गरेर काठमाडौं (नेपाल) आएपछिदेखि नै उहाँलाई हामीले चिन्दै आएका हौं। कालबेलाको प्रचलनअनुसार आफ्नो ल्याकत, चाख र पाएको मौका छोप्दा गोरखापत्रको मुखिया हुँदै जीवन-क्रममा उक्लनुभएका धर्मराजजी कोइलीको भन्दा सुरिलो गलामा रसिला कवित्वको लालिमा छर्दै जन-कविकेशरी भएर नेपालका पहाड-बेसी, गुफा-कन्दरामा कर्णप्रिय लोक-गीतको प्रतिध्वनि छर्दै जाज्वल्यमान भएर उदाउन पुग्नुभयो। उहाँको विशेष पौरखको जति स्तुति गरे पनि पाना अधुरै रहन्छन्। उहाँ जस्तो व्यक्तित्वले जो स्वीकारोक्ति जनाउनुभयो। त्यसका लागि म गुठीका तर्फबाट साभार धन्यवाद टक्रयाउँछु।

कहिलेकाहीं ग्रन्थकारहरू आफ्नो कृतिलाई अत्यन्त महत्त्वपूर्ण ठान्दछन्, तर कहिलेकाहीं भने यस्ता व्यक्ति पनि भेटिन्छन् जो आफ्नो काम जतिसुकै गतिलो भए पनि, यो त केही पनि भएन भनेर भन्ने हुन्छन्। 'केही पनि भएन' भनेर हेलचेक्र्याइँ गरिएको काम पनि अरूको दृष्टिमा महत्त्वपूर्ण हुन पुगेको हुन्छ। बुद्धिनारायणजी यो दोस्रो ढाँचाकोमा पर्नुभएछ कि भन्ने मेरो धारणा छ। हामीले त उहाँमा लुकेको कस्तुरीको नाभी भेट्टाएछौं र सत्कार गर्न पाएछौं। त्यसैलाई अहोभाग्य ठानी उहाँले 'मदन पुरस्कार' ग्रहण गरिदिनुभएकोमा हार्दिक धन्यवाद टक्र्याउँदछौं र उत्तरोत्तर बढ्दो आदर-सम्मानको अभिलाषा राख्तछौं।

माथि भनेझैं 'गुणानुवाद-प्रवचन'को परम्परा बसाल्ने सिलसिलामा, सकिएछ भने, मनासिब माफिकको ठेली बनेपछि पुस्तकाकारमा छाप्ने पनि प्रयत्न गर्ने गुठीको अवधारण रहेको छ। यही क्रममा सरदार प्राध्यापक यदुनाथ खनाल, कविवर माधवप्रसाद घिमिरे, ब.गु. केशरीराज पाण्डे, डा. ईश्वर बराल, भू. पु., ब. गु. अम्बिकाप्रसाद अधिकारीहरू जस्ता ख्यातनामा व्यक्तिहरूलाई निम्त्याउन पनि सफल भएका छौं। यसपालि ने.रा.प्र. प्रतिष्ठानका पूर्व कुलपति श्री लैनसिंह बाङ्देलले सो अभिभारा बोकिदिनुभयो। उहाँ औपचारिक नियमित काम-धन्दाबाट निवृत्त हुनुभए पनि आफ्नो अनुसन्धानात्मक अध्यवसायमा नित्य व्यस्त हुनुहुन्छ। तैपनि हाम्रो अनुरोधमा आफ्नो अपरिहार्य व्यस्तताबाट केही समय उभारी यति गहन प्रवचन प्रस्तुत

गरिदिनुभएकोमा हामी उहाँप्रति धेरै आभारी भएका छौं। वाङ्देलजी साहित्यिक व्यक्ति हुनुका साथै नामुद कलाकार पनि हुनुहुन्छ र आँखामा हाले पनि नबिझाउने व्यक्तित्वका धनी हुनुहुन्छ। उहाँको गहन अध्ययन अनुसन्धानको एउटा सानो झलक हामीले पाइहाल्यौं। हाम्रो छान्ने प्रयास यसपालि पनि विफल भएनछ भन्ने दृढताका साथ उहाँको सौजन्यका लागि कृतज्ञता प्रकट गर्दै उहाँलाई पनि हामी हार्दिक धन्यवाद टक्रयाउँछौं।

सभाको अध्यक्षता सूक्ष्म, सौम्य एवं उदाहरणीय तरिकाले सम्पन्न गरिदिनुभएकोमा अध्यक्षज्यूलाई पनि म धन्यवाद टक्रयाउँछु।

अन्त्यमा, सधैंझैं दसैंको चापाचाप, आफन्तसँगको मधुर मिलनलाई पनि एकछिन पन्छाई हाम्रो निमन्त्रणा स्वीकार गरेर यस सरस्वतीको मन्दिरमा पाल्नुभई शोभा बढाइदिनुभएकोमा यहाँहरू सबैलाई,

हाम्रो अगुवानी कार्यक्रममा सरीक भई इज्जत बढाइदिनुहुने समाजका प्रतिष्ठित चारै जना विद्वान् महानुभावहरूलाई,

आरती-स्याउँलीमा रवाफसाथ भाग लिई सभाको सान बडाइदिएकोमा दीक्षित गृहिणी द्वयलाई,

स्कूलको प्राङ्गण यथावत् उपलब्ध गराइदिएकोमा 'रातो बङ्गला' स्कूलका अधिष्ठात्री दुवैलाई,

कार्यक्रमको सारा भौतिक चाँजो-पाँजो मिलाउने गुठीका कार्यालय-सचिव तथा जगदम्बा प्रेसका व्यवस्थापक तथा उहाँहरूका समग्र सहयोगीहरूलाई र

जलपानको व्यवसथामा निगरानी पुऱ्याउनुहुने गृहलक्ष्मी 'देवीजी'लाई पनि म हार्दिक धन्यवाद चढाउँदछु।

महिला तथा सज्जनवृन्द, यसपालि पनि सदाझैं गुठीका अध्यक्षज्यूबाट उपलब्ध गराइएका पुस्तक जाने बेला, एक-एक परिवारले एक-एक प्रति (मात्र) लिनुभई आफ्नो नाम, ठेगाना र फोन प्रष्ट बुझिने गरी लेखेर छोडिदिनुभए हामी धेरै अनुगृहीत हुने थियौं।

सबैलाई फेरि पनि मुरी-मुरी धन्यवाद टक्रयाउँदै र अध्यक्षज्यूका आज्ञाले यहीं सभाविसर्जन भएको जनाउँदै 'अब लागौं जलपानतिर' भनी निवेदन गर्दछु।

⊠ ⊠ ⊠